## खाँडाचक्र नगरपालिकाको

# कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७८

**स्वीकृत मिति : २०७८/०३/१०**

**प्रस्तावना** : खाँडाचक्र नगरपालिकाको क्षेत्र भित्रको कृषिको व्यवसायीकरण गर्न, कृषि व्यवसायको प्रवर्द्धन एवम् व्यवस्थापन गर्न, कृषक एवम् कृषि व्यवसायीबीच आपसी सम्बन्ध सुदृढ गर्न तथा कृषि करारको माध्यमबाट उत्पादन बढाउन र बजारीकरणद्वारा व्यवसायिक रुपमा समग्र कृषि विकासका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, खाँडाचक्र नगरपालिकाको नगरसभाले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम नगर सभाले यो ऐन बनाएकोछ ।

परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम 'कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४' रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा—

(क) 'प्रमुख' भन्नाले खाँडाचक्र नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ ।

(ख) 'सभा' भन्नाले खाँडाचक्र नगपालिकाको नगरसभालाई सम्झनुपर्छ ।

(ग) 'नगरपालिका' भन्नाले खाँडाचक्र नगरपालिका सम्झनु पर्छ ।

(घ) 'कार्यपालिका' भन्नाले खाँडाचक्र नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ ।

(ङ) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले खाँडाचक्र नगरपालिका वा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(च) 'कृषक' भन्नाले यस ऐनको प्रयोजनका लागि कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा व्यावसायिक कृषि खेती

